जिल्ला प्रशासन कार्यालय, रसुवा
दर्ता नं. १२२५६
मिति: २०८३।१।२८
श्री प्रशासन शाखा
अभिलेख मा राख्ने।
CPAS मा अपलोड गर्ने।
२०८३/०१/२८
प्रमुख जिल्ला अधिकारी

मितिः २०८३।०१।२८, ने.सं.११४६

श्रीमान् प्रमुख जिल्ला अधिकारीज्यू,
जिल्ला प्रशासन कार्यालय, रसुवा।

विषयः बजार अनुगमन गरी प्रतिवेदन पेश गरिएको सम्बन्धमा।

उपरोक्त विषयमा आमाछोदिङमो गाउँपालिकासँगको समन्वय सहजीकरणमा संयुक्त जिल्ला बजार अनुगमन समितिका संयोजक एवम् सहायक प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा आमाछोदिङमो गाउँपालिकाका उपाध्यक्ष, कोष तथा लेखा नियन्त्रक कार्यालय, स्थानीय प्रशासन, उद्योग तथा वाणिज्य कार्यालय, सञ्चारकर्मी लगायतको संयुक्त टोलीबाट मिति २०८३।०१/२४ गते आमाछोदिङमो गाउँपालिका वडा नं. ५ चिलिमे स्थित दैनिक उपभोग्य तथा खुद्रा किराना व्यवसायी लक्षित दैनिक उपभोग्य वस्तु बिक्रीस्थल/गोदामहरूको स्थलगत रुपमा अनुगमन/निरीक्षण गरी सो को प्रतिवेदन देहाय बमोजिम रहेको व्यहोरा सादर अनुरोध गर्दछौं।

## १.पृष्ठभूमि

किराना पसलहरू स्थानीय उपभोक्तालाई दैनिक उपभोग्य सामग्री उपलब्ध गराउने प्रमुख खुद्रा व्यवसायहरू हुन्। यस्तो पसलमार्फत उपभोक्ताले खाद्यान्न, प्याक गरिएको सामग्री, घरेलु प्रयोगका वस्तुहरू तथा अन्य आवश्यक सामानहरू निरन्तर रूपमा प्राप्त गर्छन्। उपभोक्ताको स्वास्थ्य, सुरक्षा र आर्थिक हित सुनिश्चित गर्न किराना पसलमा उपलब्ध गराइने सामग्रीको गुणस्तर, मूल्य, तौल मापन, म्याद (Expiry), भण्डारण अवस्था तथा सरसफाई अवस्थाको नियमित अनुगमन गर्नु आवश्यक हुन्छ।

हालका वर्षहरूमा नक्कली, म्याद गुज्रिएका, पुनः लेबल गरिएका वा अत्याधिक मूल्य बढाई उपभोग्य सामग्रीहरूको बिक्री गर्ने जोखिम बढ्दै गएकोले किराना पसलहरूमा बजार निरीक्षण तथा अनुगमनको आवश्यकता अझ बढ्दो छ। स्थानीय तह, उद्योग तथा वाणिज्य कार्यालय लगायतका उपभोक्ता संरक्षण निकायहरूले यस्ता गतिविधि रोकथाम, नियमन गरी उपभोक्तामा सचेतना अभिवृद्धि गर्न अनुगमन कार्य सञ्चालन गर्दै आइरहेका छन्।

यस सन्दर्भमा गरिएको किराना पसल अनुगमनको यस प्रतिवेदनले निरीक्षणका क्रममा भेटिएका अवस्थाहरू, पालना भएका वा नभएका कानूनी/प्राविधिक मापदण्डहरू, जोखिमका तत्वहरू तथा आवश्यक सुधारात्मक सुझावहरू समेटेको छ। यसले भविष्यमा हुने नीति निर्माण, नियमित अनुगमन, उपभोक्ता अधिकारको सुनिश्चितता गरी उपभोक्ता सुरक्षाका कार्यक्रमहरूलाई मार्गदर्शन गर्ने गर्दछ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रसुवा

२. अनुगमन विधिः

व्यवसाय/पसल वा स्टोरमा रहेको विभिन्न खाद्यवस्तुहरू तथा अन्य मालसामानहरू प्रत्यक्ष रुपमा अनुगमन गरी म्याद गुर्जेको वा गुणस्तरको सामान्य चेकजाँच गर्ने गरिएको। अवलम्बन गर्नु पर्ने कानूनी प्रक्रियाहरू आत्मसाथ गरेर व्यवसाय सञ्चालन गरे/नगरेको, दर्ता/नवीकरण, बिल/बीजक, कर चुक्ता, अन्तशुल्क अनुमति लगायतका कानून बमोजिमका गतिविधि गरे/नगरेको एवम् सरसफाई लगायतका अन्य व्यवस्थापकीय पाटोका सन्दर्भमा समेत अनुगमन गरिएको।

३.समस्याः

- म्याद गुज्रिएका खाद्य सामग्रीको बिक्री,
- लेबल, तौल तथा मूल्य व्यवस्थापनमा त्रुटि,
- सरसफाई तथा भण्डारण व्यवस्थापन कमजोर,
- अनधिकृत वा नवीकरण नभएको व्यापार दर्ता/इजाजत,
- उपभोक्ता हित तथा अधिकारसम्बन्धी जानकारीको अभाव,
- उच्च मूल्य निर्धारण र मूल्य सूची नराख्ने समस्या,
- अन्तःशुल्क ईजाजत नलिई सुर्तिजन्य, मदिराजन्य सामाग्री बिक्री वितरण गर्ने,
- निमयित कर तिर्ने परिपाटी बस्न नसकेको,
- खाद्य र अखाद्य वस्तुको संयुक्त भण्डारण,
- व्यावसायीमा व्यावसायिक चेतको अभाव।

<u>अनुगमनका सहभागीहरूः</u>

| क्र.स. | नाम,थर | पद | कार्यालय/निकाय |
|---|---|---|---|
| १. | श्री द्रुव प्रसाद अधिकारी | सहायक प्रमुख जिल्ला अधिकारी | जिल्ला प्रशासन कार्यालय, रसुवा |
| २. | श्री चण्डिका तामाङ | उप-प्रमुख | आमाछोदिङमो गाउँपालिका, रसुवा |
| ३. | श्री रमेश पौडेल | कार्यालय प्रमुख | उद्योग तथा वाणिज्य कार्यालय, रसुवा |
| ४. | श्री सुदिप खनाल | कोष नियन्त्रक | कोष तथा लेखा नियन्त्रक कार्यालय, रसुवा |
| ५. | श्री दावा गोम्वो तामाङ | वडा अध्यक्ष | जिल्ला प्रशासन कार्यालय, रसुवा |
| ६. | श्री शिवजी के.सी. | कार्यालय प्रमुख | नापी कार्यालय, रसुवा |
| ७. | श्री राजन राय | कार्यालय प्रमुख | जिल्ला निर्वाचन कार्यालय, रसुवा |
| ८. | श्री राम बहादुर खत्री | लेखापाल | कोष तथा लेखा नियन्त्रक कार्यालय, रसुवा |



नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय रसुवा

| क्र.स. | नाम,थर | पद | कार्यालय/निकाय |
|---|---|---|---|
| ९. | श्री धन बहादुर तामाङ | प्र.ना.नि. | प्रहरी चौकी, थाम्बुचेत |
| १०. | ललित कुमार गोइत | स.प्र.ना.नि. | स.प्र. बल नेपाल, मनसुन वेश |
| ११. | कैलाश देवकोटा | कारागार प्रशासक | कारागार कार्यालय, रसुवा |
| १२. | प्रमोद कुमार तितुङ | महासचीव | चेम्बर अप कमर्श, रसुवा |
| १३. | सरस्वती न्यौपाने | प्रतिनिधि | नेपाल पत्रकार महासंघ, रसुवा |
| १४. | पवन बस्नेत | खरिदार | जिल्ला प्रशासन कार्यालय, रसुवा |
| १५. | सूर्य बहादुर थोक्रा | स.क.अ. | उद्योग तथा वाणिज्य कार्यालय, रसुवा |
| १६. | सरोज अधिकारी | प्र.ह. | प्रहरी चौकी, थाम्बुचेत |
| १७. | सन्तोष विष्ट | प्र.स.ह. | प्रहरी चौकी, थाम्बुचेत |
| १८. | लोकेश विष्ट | स.प्र.स.नि. | स.प्र. बल, नेपाल मनसुन वेश |
| १९. | मात्रिका रिमाल | का.स. | जिल्ला प्रशासन कार्यालय, रसुवा |
| २०. | लाक्पा छिरिङ लोप्चन | ह.स.च. | कोष तथा लेखा नियन्त्रक कार्यालय, रसुवा |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रसुवा

# व्यवसायहरूमा अनुगमनको क्रममा भएको निर्देशन तथा अन्य विवरण

| क्र.सं. | पसलको विवरण | | | अनुगमनको क्रममा देखिएको कमजोरी | भएको निर्देशन | कैफियत |
|---|---|---|---|---|---|---|
| | पसल | स्थायी लेखा नं. | प्रोपाईटरको नाम | | | |
| | **होटल तथा थर्पु व्यवसायहरुः** | | | | | |
| १. | तातोपानी खाद्य स्टोर | ६१२७६४९०५ | सुरेश तामाङ | • म्याद गुज्रेका सामान बिक्री गर्ने गरेको,<br>• अन्तशुल्क इजाजत नलिई मदिराजन्य पदार्थ बिक्री गर्ने गरेको। | • म्याद गुज्रेका सामान बिक्री वितरण नगर्ने<br>• अन्तशुल्क इजाजत लिएर मात्र मदिराजन्य पदार्थ बिक्री गर्ने, | म्याद गुज्रेका बिस्कुट १ प्याकेट जफत गरिएको। |
| २. | इको गेष्ट हाउस | ६०१३३५५४१ | बामेन तामाङ | • मुल्यसूची नराखेको,<br>• म्याद गुज्रेका सामान बिक्री गर्ने गरेको। | • मुल्यसूची राख्ने,<br>• म्याद गुज्रेका सामान बिक्री वितरण नगर्ने। | म्याद गुज्रेका १ प्याकेट बिस्कुट र १ प्याकेट ब्रेड जफत गरिएको। |
| ३. | चिलिमे ताजा मासु, तरकारी तथा फलफूल बिक्री केन्द्र | ६०३८९७५७५ | नोर्साङ ग्याल्बो घलेनी | • मूल्यसूची नभएको,<br>• खाद्य र अखाद्य वस्तु सँगसँगै राखेको,<br>• बिल बिजक जारी नभएको,<br>• फोहोरमैला व्यवस्थापन राम्रो नभएको। | • मूल्यसूची अनिवार्य राख्ने,<br>• खाद्य र अखाद्य वस्तु छुट्टाछुट्टै राख्ने,<br>• कारोबार बमोजिम बिल बिजक जारी गर्ने,<br>• सरसफाईमा ध्यान दिने। | |
| ४. | युनिक होटल | ६०८६०४१०५ | रिता घले | • मूल्यसूची नराखेको,<br>• फोहोरमैला व्यवस्थापन राम्रो नभएको। | • मुल्यसूची अनिवार्य राख्ने,<br>• फोहोरमैलाको उचित व्यवस्थापन गर्ने। | |
| ५. | श्रेष्ठ वेकरी क्याफे | ६२३१३८९६४ | लाक्पा ग्याल्बो श्रेष्ठ | • कारोबार बमोजिमको बीजक जारी नभएको,<br>• साईनबोर्ड नराखेको, | • प्रत्येक कारोबारको अनिवार्य रुपमा बीजक जारी गर्ने,<br>• यथाशिघ्र साईनबोर्ड राख्ने, | |

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय रसुवा

| क्र.सं. | पसलको विवरण | | | अनुगमनको क्रममा देखिएको कमजोरी | भएको निर्देशन | कैफियत |
|---|---|---|---|---|---|---|
| | पसल | स्थायी लेखा नं. | प्रोपाईटरको नाम | | | |
| | | | | | | |
| ६. | न्यू चिलिमे गेष्ट हाउस | - | छेन्जोम तामाङ | • मूल्यसूची नभएको। | • मुल्यसूची अनिवार्य राख्ने, | |
| ७. | घले किराना तथा खुद्रा पसल | ६२२८०४३८९ | निमा वाङमो तमाङ घले | • कारोबार बमोजिमको बीजक जारी नभएको,<br>• मुल्यसूची नराखेको,<br>• साईनबोर्ड नराखेको,<br>• म्याद गुज्रेका सामान बिक्री गर्ने गरेको। | • साईनबोर्ड र मूल्यसूची तत्काल राख्ने,<br>• प्रत्येक कारोबारको अनिवार्य रुपमा बीजक जारी गर्ने,<br>• म्याद गुज्रेका सामान बिक्री वितरण नगर्ने। | म्याद गुज्रिएका लिचि जुस २२ जफत गरिएको। |
| ८. | स्टाफ खाजा घर | ६२१६०६१२२ | पार्वती तामाङ घले | • व्यवसाय दर्ता नवीकरण नगरेको।<br>• मुल्यसूची नराखेको,<br>• साईनबोर्ड नराखेको,<br>• बीजक जारी नभएको,<br>• फोहोरमैलाको उचित व्यवस्थापन नभएको। | • व्यवसाय नवीकरण तत्काल गर्ने,<br>• साईनबोर्ड र मूल्यसूची तत्काल राख्ने,<br>• प्रत्येक कारोबारको अनिवार्य रुपमा बीजक जारी गर्ने,<br>• फोहोरमैलाको उचित व्यवस्थापन तथा सरसफाईमा ध्यान दिने। | |
| ९. | देजी किराना पसल | - | दिनेश घले | • बीजक जारी नभएको,<br>• खाद्य र अखाद्य वस्तु सँगसँगै राखेको। | • प्रत्येक कारोबारको अनिवार्य रुपमा बीजक जारी गर्ने,<br>• खाद्य र अखाद्य वस्तु छुट्टाछुट्टै राख्ने। | |
| १०. | तातोपानी गोङगोङ स्टोर | ६००६६८५१६ | ठिले तामाङ | • मूल्यसूची अद्यावधिक नभएको,<br>• बिल बिजक जारी नभएको, | • मूल्यसूची तत्काल अद्यावधिक गर्ने,<br>• प्रत्येक कारोबारको अनिवार्य रुपमा बीजक जारी गर्ने,<br>• खाद्य र अखाद्य वस्तु छुट्टै राख्ने, | म्याद गुज्रिएका भुजिया ३ प्याकेट। |

| क्र.सं. | पसलको विवरण | | | अनुगमनको क्रममा देखिएको कमजोरी | भएको निर्देशन | कैफियत |
|---|---|---|---|---|---|---|
| | पसल | स्थायी लेखा नं. | प्रोपाईटरको नाम | | | |
| | | | | • खाद्य र अखाद्य वस्तु छुट्टै नराखेको<br>• म्याद गुज्रेका सामान बिक्री गर्ने गरेको। | • म्याद गुज्रेका सामान बिक्री वितरण नगर्ने। | |
| ११. | चिलिमे स्टोर | ६०२२४३२०७ | मोहन विक्रम श्रेष्ठ | • मूल्यसूची नभएको,<br>• Expire zone को व्यवस्था नभएको,<br>• फोहोरमैलाको उचित व्यवस्थापन नभएको।<br>• म्याद गुज्रेका सामान बिक्री गर्ने गरेको।<br>• अन्तशुल्क इजाजत नलिई मदिराजन्य पदार्थ बिक्री गर्ने गरेको। | • तत्काल मूल्यसूची राख्ने,<br>• अन्तशुल्क इजाजत लिएर मात्र मदिराजन्य पदार्थ बिक्री गर्ने,<br>• म्याद गुज्रेका सामान बिक्री नगर्ने,<br>• प्रत्येक कारोबारको अनिवार्य रुपमा बीजक जारी गर्ने,<br>• फोहोरमैलाको उचित व्यवस्थापन गर्ने,<br>• Expire zone को व्यवस्था गर्ने। | म्याद गुज्रिएका चिउरा-९ प्याकेट, ग्लिसिरिङ-९ थान, ज्वानो-१३ प्याकेट र मिक्स मसला-२ प्याकेट जफत गरिएको। |
| १२. | पिलग्रिम्स होटल एण्ड लज | ६०२००३७१७ | निल राम आले मगर | - | - | होटल सञ्चालनमा नरहेको। |
| १३. | हिमालय होटल एण्ड लज | - | न्हिमा तामाङ | • व्यवसाय दर्ता नभएको,<br>• मूल्यसूची नराखेको,<br>• बिल बीजक जारी नगरेको,<br>• फोहोरमैलाको उचित व्यवस्थापन नभएको। | • व्यवसाय दर्ता गरेर मात्र सञ्चालन गर्ने,<br>• मूल्यसूची तत्काल राख्ने,<br>• नियमित रुपमा बिल बीजक जारी गर्ने,<br>• फोहोरमैलाको उचित व्यवस्थापन गर्ने। | |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रसुवा

निष्कर्ष:

दैनिक उपभोग्यजन्य खाद्य सामग्री तथा मालसामानहरूको अनुगमनको सिलसिलामा खाद्य तथा किराना पसलहरूले खाद्य तथा अखाद्य वस्तुहरूको छुट्टा छुट्टै व्यवस्थापन गरी दैनिक खाद्य वस्तुहरूको बिक्री विवरण गर्दा नागरिकहरूको स्वस्थ तथा स्वच्छ खाद्य वस्तुमाथिको पहुँच सुनिश्चित गर्न मदत गर्दछ। साथै सरकारले विभिन्न समयमा जारी गरेका निर्देशन तथा विद्यमान कानून परिपालनाले उपभोक्ताहरूको उच्चतम हित प्रवर्द्धन गर्न व्यवसायिहरूलाई जिम्मेवार बनाएको छ। कानून तथा मापदण्ड विपरित सञ्चालन गर्ने कार्य निरूत्साहित हुने अपेक्षा गरिएको छ। अनुगमन गर्दा प्रचलित कानून, अवलम्बन गर्नु पर्ने कार्यविधि र उपभोक्ता हकहित संरक्षण सम्बन्धमा व्यावसायी तथा उपभोक्ताहरू जानकार नहुँदा प्रभावकारी सेवा वितरणमा समस्या सिर्जना भएको देखिन्छ। यसका लागि कोष तथा लेखा नियन्त्रक कार्यालयबाट अन्तशुल्क इजाजत पत्र सम्बन्धी, उद्योग तथा वाणिज्य कार्यालयबाट उद्योग/व्यवसाय दर्ता/नवीकरण सम्बन्धी, स्थानीय तहबाट फोहोर व्यवस्थापन तथा उपभोक्ता हकहित सम्बन्धी जानकारी एवम् सन्देशमूलक कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ।

प्रतिवेदक:

श्री द्रुव प्रसाद अधिकारी, स.प्र.जि.अ.


श्री पवन बस्नेत, खरिदार

जिल्ला प्रशासन कार्यालय, रसुवा

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रसुवा

# अनुगमनको क्रममा लिइएका केहि तस्वीरहरू:















नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रसुवा













९

जिल्ला प्रशासन कार्यालय
रसुवा